मनराशिसवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।०८३
च.नं. : १३६६

E-mail : info@manrashiswamun.gov.np
manrashiswamun.gov@gmail.com

मिति: २०८२।०९।३०

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरूवा सम्बन्धी सूचना ।**

श्री यो जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा, यस महोत्तरी जिल्ला मनराशिसवा नगरपालिका अन्तर्गत वडा नं. ०८ मा सञ्चालित श्री माध्यमिक विद्यालय सहसराममा रिक्त रहेको प्राथमिक तहको स्वीकृत दरबन्दीमा सरूवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको पत्र संख्या २०८२/०८३, चलानी नं. ६८, मिति २०८२।०९।२५ को पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहमा योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा विद्युतीय माध्यम वा स्वयं आफै उपस्थित भई निवेदन दिन शिक्षक सरूवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्चः**

१.तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना **mavisahasram.gov@gmail.com** मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।

२.म्याद नाघी वा तोकिए बमोजिमको रीत नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

**बोधार्थः**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, जलेश्वर, महोत्तरी ।

श्री माध्यमिक विद्यालय,सहसराम, मनराशिसवा न.पा.-८; निर्देशिकाको अनुसूची-३ बमोजिम निवेदन दर्ता र अभिलेख राखी निर्देशिका बमोजिमका अन्य कार्यहरू गर्नुहुन ।

श्री सूचना तथा प्रविधि शाखाः वेबसाइटमा अपलोड गरी केन्द्रको tt@cehrd.gov.np इमेलमा जानकारी पठाइदिनुहुन ।

विजय नारायण ठाकुर
नि.प्रमुख प्रशासकिय अधिकृत